# सार्वजनिक सुरक्षा नियम २०१२

नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ का दफा १३ ले दिएको अधिकार प्रयोग गरी सरकारले देहायबमोजिमको नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरूलाई सार्वजनिक सुरक्षा नियम २०१२ भनिनेछ।

(२) यी नियमहरू तुरुन्त लागू हुनेछन्।

२. व्याख्याः— यी नियमहरूमा बडाहाकिम भन्नाले चारभन्ज्याङ्गभित्रका कमिश्नर र मैजिष्ट्रेटलाई समेत लिएको भन्ने सम्झिनेछ।

३. गिरफ्तार गर्ने आदेश :—(१) बडाहाकिमले नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को दफा २ बमोजिम कुनै व्यक्तिलाई उक्त दफाको उपदफा (१) बमोजिम गिरफ्तार गर्ने निर्णय गरेमा त्यस व्यक्तिलाई तल लेखिएको ढाँचाबमोजिमको आदेश दिन वा दिन लगाउनुपर्छ।

२०१२ मिति ………को सूचनाबमोजिम नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को दफा २ (१) (क) ले मलाई दिएको अधिकार प्रयोग गरी ……लाई उक्त दफाको उक्त उपदफाबमोजिम गिरफ्तार गरी नजरबन्द राख्नू भनी म यो आदेश गर्दछु।

बडाहाकिम

मिति

(२) उपरोक्त आदेशको १ प्रति जेलका हाकिमला दिइनेछ।

४. बडाहाकिमको अधिकारः—(१) नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को दफा २ को उपदफा (१) (क) बमोजिम थुनामा रहेको व्यक्तिलाई छाडे पनि हुन्छ भन्ने बडाहाकिमको चित्तमा लागेमा बडाहाकिमले आदेशद्वारा छोड्न सक्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(२) थुनामा राखेको १ थुनाबाट छोडेको सबै कलममा कारण खोली ३ दिनभित्र गृहमन्त्रालयको सेक्रेटरीछेउ रिपोर्ट गर्नुपर्छ ।

५. नजरबन्दीलाई थुनुवा पुर्जी दिने.— नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को दफा २ (१) क) बमोजिम कुनै व्यक्ति गिरफ्तार हुनासाथ बडाहाकिमले तिनलाई नजरबन्द राख्नुपर्ने कारणहरू वा तिनलाई लगाइएको अभियोगहरूको एक छोटकरी विवरण खोली थुनिएको वा नजरबन्द राखिएको मितिदेखि १ हप्ताभित्र थुनुवा पुर्जी दिनुपर्नेछ। नजरबन्द या थुनामा रहेका व्यक्तिले सो थुनुवा पुर्जीमा नजरबन्द राखिएको कारण वा लगाइएको अरोपका सम्बन्धमा आफ्नो भएको बेहोरा राखी नजरबन्द भएको मितिले १५ दिनभित्र निवेदन पेश गर्नुपर्छ।

निवेदन पेश गर्न थुनुवालाई भएको ठाउँको १ जवान सरकारी अफिसरको रोहबरमा निजको मानिस वा वारीससँग सरसल्लाह गर्न सहूलियत दिइनेछ ।

६. थुनुवा पुर्जी दिंदा शंका लागेमा सरकार साध्ने:— कुनै मामिलामा लगाइएका अभियोगहरू प्रकाश हुनाले कानुनद्वारा स्थापित सरकारको सुरक्षामा धक्का पुग्ने जस्तो बडाकिमको चिन्ता लागेमा माथि नं. ५ बमोजिम थुनुवा पुर्जी नदिई सार्वजनिक सुरक्षा ऐनको दफा ५ को उपदफा (ख)को सम्बन्धमा आदेशको निमित्त गिरफ्तार गरेको १५ दिनभित्र सरकारमा उक्त मामिला पेश गर्नुपर्छ।

७. बडाहाकिमले जाहेर गर्ने:— नजरबन्द राखिएको व्यक्तिले आफ्नो निवेदन पेश गर्नासाथ र जुनसुकै हालतमा गिरफ्तार गरिएको मितिले १२ दिनभित्र बडाहाकिमले गृहविभागमा सेक्रेटरीकहाँ उपरोक्त व्यक्तिलाई थुनी राख्न पर्ने नपर्नेबारेको रिपोर्ट देहायका कागजातहरूसहित सामेल राखी पठाउनुपर्दछ ।

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(क) नजरबन्दीलाई दिएको मुद्दा पुर्जीको नक्कल,

(ख) निजको निवेदन, र

(ग) अभियोगसम्बन्धमा बडाहाकिमसँग भएको अरु प्रमाणहरु ।

८. सल्लाहकार समितिको गठनः— न्यायाधीशमध्ये १ १ जर्को प्रभावशाली कर्मचारी १ गरीजम्मा २ जनाको सल्लाहकार समितिको दुवै सदस्यहरुलाई गृहसेक्रेटरीले सूचना दिई त्यस्ता सबै रिपोर्टहरु २ दिनभित्र पेश गर्नुपर्छ ।

९. गृह- सेक्रेटरीले गर्ने कामः— सल्लाहकार समितिबाट रिपोर्टहरु प्राप्त भएपछि गृहविभागका सेक्रेटरीले आफ्नो रायसहित ती रिपोर्टहरु ७ दिनभित्र सरकारमा पेश गर्नुपर्छ ।

१०. बडाहाकिमले लापरवाही गरे खबर दिने :—कुनै मामिलामा बडाहाकिमले यी नियमहरु लेखिएबमोजिम नगरेमा वा गर्न लापरवाही गरेमा जुनसुकै व्यक्तिले गृहविभागका सेक्रेटरीलेउ उक्त बेहोराको खबर दिन सक्नेछ र उक्त सेक्रेटरीले पनि अविलम्ब उपरोक्त नियमहरु पालना गर्न लगाउनेछ ।

११. दफा २ (१) (ख), (ग) को आदेश गर्ने :— बडाहाकिमले नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को दफा २ बमोजिम कुनै व्यक्तिलाई उपदफा (१) (ख) बमोजिम आदेश गर्ने निर्णय गरेमा त्यस व्यक्तिलाई तल लेखिएका ढाँचाबमोजिमको आदेश दिन वा दिन लगाउनुपर्छ ।

२०१२ मिति............को सुचनाबमोजिम नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को दफा २ (१) (ख) ले मलाई दिएको अधिकार प्रयोग गरी ....लाई उक्त दफाको उक्त उपदफाबमोजिम यो आदेश तामेल भएको २४ घण्टाभित्र छोडी जानू भनी मयो आदेश गर्दछु। निजलाई अर्को आदेश नभए सम्म .....इलाकाभित्र आउन मनाही गरिएको छ ।

मिति　　　　　　　　　　　　　　बडाहाकिम ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

३१

(२) बडाहाकिमले नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को दफा २ बमोजिम कुनै व्यक्तिलाई उपदफा (१) (ग) बमोजिम आदेश गर्ने निर्णय गरेमा त्यस व्यक्तिलाई तल लेखिएका ढाँचाबमोजिमको आदेश दिन वा दिन लगाउनुपर्छ।

२०१२ मिति ..............को सूचनाबमोजिम नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को दफा २ (१) (ग) ले मलाई दिएको अधिकार प्रयोग गरी ........लाई उक्त दफाको उक्त उपदफाबमोजिम ..............मा बस्नू या निज सो इलाकामा नभई अन्यत्र भए तुरुन्त सो इलाका या ठाउँमा गई बस्नू भनी म यो आदेश गर्दछु। निजले अर्को आदेश नभएसम्म तोकिएका इलाका या ठाउँ छोडी जान मनाही गरिएको छ।

मिति

बडाहाकिम।

(३) बडाहाकिमले यस्ता आदेश तामेल गराउनुपर्छ।

१२. आदेश खारेज गर्नेः— आफूले निकालेको आदेश जारी राख्न दरकार छैन भन्ने बडाहाकिमको चित्तमा लागेमा निजले उक्तदफा २ को उपदफा (१) (ख) र (ग) अन्तर्गत निकालिएको आदेश खारेज गर्न सक्तछ।

१३. रिपोर्ट गर्नेः—उक्त दफा २ को उपदफा (१) (ख) र (ग) बमोजिम आदेश निकाल्न परेको अवस्था कारण खुलाई सो निकालेको ७ दिनभित्र बडाहाकिमले गृहविभागमा रिपोर्ट पठाउनुपर्छ।

१४. विन्तिपत्र दिनेः— बडाहाकिमले निकालेको आदेशबाट पीर मर्का पर्ने व्यक्तिले वेहोरा खोली गृहविभागमा जाहेर गर्न सक्नेछ र गृहविभागको सेक्रेटरीले बुझी दरकारसम्झेमा बडाहाकिमलाई निजलाई निकालेको आदेश खारेज गर्न लाउन सक्नेछ।

आज्ञाले—

श्रीवत्सराज, का. मु. सेक्रेटरी —गृहविभाग.

---

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

32